विधेयक संख्या:

# प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

गण्डकी प्रदेश, पोखरा

## प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**: प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो ऐनको नाम "प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले प्रदेश लोक सेवा आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २४४ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले आयोगको कार्यालय सम्झनुपर्छ।

(घ) "पदाधिकारी" भन्नाले आयोगका अध्यक्ष वा सदस्य सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

### परिच्छेद-२
### पारिश्रमिक र सुविधा

३. **पारिश्रमिक**: (१) पदाधिकारीले यस ऐनको अनुसूचीमा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउनेछ।

(२) पदाधिकारीको पदावधि समाप्त भएमा वा निजले दिएको राजीनामा स्वीकृत भएमा वा मृत्यु भएमा वा अरु कुनै कारणबाट निजले पदबाट अवकाश पाएमा निजलाई

आफ्नो पद कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको थप पारिश्रमिक उपलब्ध गराइनेछ।

(३) पदाधिकारीले उपदफा (२) बमोजिम पाउने पारिश्रमिक वा थप पारिश्रमिक अवस्था अनुसार निजलाई वा निजले इच्छाएको व्यक्तिलाई उपलब्ध गराइनेछ। निजको मृत्यु भएमा निजले कसैलाई इच्छाएको रहेनछ वा इच्छाईएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो पारिश्रमिकको रकम निजको नजिकको हकवालालाई उपलब्ध गराइनेछ।

४. **आवास सुविधा**: (१) पदाधिकारीलाई सरकारी आवासको बन्दोवस्त गरिनेछ। त्यस्तो आवासको बन्दोवस्त नभएकोमा र पोखरा महानगरपालिकामा आफ्नै घर नभएमा मासिक रुपमा अनुसूची बमोजिमको रकम आवास सुविधा बापत उपलब्ध गराइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पोखरा महानगरपालिकामा घर हुने पदाधिकारीलाई सरकारी आवास प्रयोग नगरी आफ्नो घरमा बस्न चाहेमा आवास सुविधा बापतको आधा रकम आवास मर्मत र सम्भार बापत उपलब्ध गराइनेछ।

(३) उपदफा (१) बमोजिम बन्दोवस्त भएको सरकारी आवासको मर्मत, सम्भार सरकारी खर्चमा गरिनेछ।

(४) यस दफा बमोजिमको सुविधा उपदफा (१) बमोजिमको सरकारी आवास प्रयोग गर्ने पदाधिकारीलाई आफ्नो पदावधि समाप्त भएको मितिले पन्ध्र दिनसम्म उपलब्ध गराइनेछ।

५. **सञ्चार सुविधा**: (१) पदाधिकारीले मोबाइल र पत्रपत्रिका खर्च बापत सञ्चार सुविधाको रुपमा अनुसूचीमा उल्लेख भए बमोजिमको रकम पाउनेछ।

(२) पदाधिकारीलाई आवासमा स्वदेशी कलको लागि एक लाइन टेलिफोन र इन्टरनेट जडान गरी बिल बमोजिमको महसुल भुक्तानी गरिनेछ।

६. **धारा, बिजुली महसुल**: पदाधिकारीलाई धारा तथा बिजुलीको महसुल बापत अनुसूचीमा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराइनेछ।

तर सरकारी आवास वा कार्यालयले भाडामा लिएको आवासमा बस्ने पदाधिकारीलाई यस्तो रकम उपलब्ध गराइने छैन।

७. **लुगा भत्ता**: पदाधिकारीलाई प्रत्येक वर्षको चैत्र मसान्तमा अनुसूचीमा उल्लेख भए बमोजिमको लुगा भत्ता उपलब्ध गराइनेछ।

८. **चाडपर्व खर्च**: पदाधिकारीलाई खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा चाडपर्व खर्च बापत उपलब्ध गराइनेछ।

९. **सवारी तथा ईन्धन सुविधाः** पदाधिकारीलाई चालक सहितको एक हलुका सवारी साधन र सोका लागि अनुसूची बमोजिमको ईन्धन सुविधा उपलब्ध गराइनेछ।

१०. **अतिथि सत्कार खर्चः** पदाधिकारीलाई अनुसूचीमा तोकिए बमोजिमको अतिथि सत्कार खर्च उपलब्ध गराइनेछ।

११. **भ्रमण सम्बन्धी व्यवस्थाः** (१) अध्यक्षले आफ्नो सात दिनसम्मको भ्रमण आदेश आफैंले स्वीकृत गर्न सक्नेछ र सो अवधिभन्दा बढीको भ्रमण आदेश प्रदेश प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।

(२) सदस्यको भ्रमण आदेश अध्यक्षले स्वीकृत गर्नेछ।

(३) पदाधिकारीले विदेश भ्रमण प्रचलित कानून बमोजिम स्वीकृत गराउनु पर्नेछ।

(४) पदाधिकारीलाई स्वीकृत भ्रमणमा जाँदा अनुसूचीमा तोकिए बमोजिमको दैनिक भत्ता तथा भ्रमण खर्च उपलब्ध गराइनेछ।

१२. **बिमा खर्च** : पदाधिकारीले सरकारी कामको सिलसिलामा नेपालभित्र वा बाहिर भ्रमण गर्दा भ्रमण अवधिको दश लाख रुपैयाँसम्मको बिमा गर्दा लाग्ने प्रिमियम बापतको रकम सम्बन्धित बिमकलाई भुक्तानी गरिनेछ।

## परिच्छेद-३
## बिदा सम्बन्धी व्यवस्था

१३. **बिदाः** पदाधिकारीले देहायका बमोजिमका बिदा पाउनेछः-

(क) भैपरी आउने र पर्व बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरिया बिदा,

(ङ) विशेष बिदा,

(च) प्रसुति बिदा,

(छ) प्रसुति स्याहार बिदा ।

१४. **<u>भैपरी आउने र पर्व बिदाः</u>** (१) पदाधिकारीले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहितको छ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा पाउनेछ।

(२) भैपरी आउने र पर्व बिदा सञ्चित गर्न सकिने छैन।

१५. **<u>घर बिदाः</u>** (१) पदाधिकारीले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले पूरा पारिश्रमिक सहितको घर बिदा पाउनेछ।

**<u>स्पष्टिकरणः</u>** यस दफाको प्रयोजनको लागि "काम गरेको अवधि" भन्नाले काम गरेको दिन, भैपरी आउने र पर्व विदामा बसेको दिन र सार्वजनिक बिदाको दिनलाई जनाउनेछ।

(२) उपदफा (१) बमोजिमको घर बिदा बढीमा नब्बे दिनसम्म सञ्चित गरी राख्न सकिनेछ।

(३) पदाधिकारीले अवकाश हुँदाका बखत उपदफा (२) बमोजिम सञ्चित रहेको घर बिदा वापत आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।

१६. **<u>बिरामी बिदाः</u>** (१) पदाधिकारीले प्रत्येक वर्ष पन्ध्र दिनका दरले पारिश्रमिक सहितको बिरामी बिदा पाउनेछ।

(२) उपदफा (१) बमोजिमको बिरामी बिदा सञ्चित गर्न सकिनेछ।

(३) पदाधिकारीले अवकाश हुँदाका बखत उपदफा (२) बमोजिम सञ्चित रहेको बिरामी बिदा वापत आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।

(४) पदाधिकारीले कुनै कडा रोग लागी स्वीकृत चिकित्सकको प्रमाण पत्र पेश गरेमा बिरामी बिदा बाँकी नभए दुई महिनासम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिक सहितको थप बिरामी बिदा लिई सकेपछि एक पटकमा थप चार महिनासम्म र सेवा अवधिभरमा जम्मा बाह्र महिनामा नबढ्ने गरी बिना पारिश्रमिकको विशेष बिरामी बिदा पाउन सक्नेछ।

१७. **<u>किरिया बिदाः</u>** पदाधिकारीले आफै किरिया बस्नु पर्दा कुल, धर्म वा संस्कार अनुसार बढीमा पन्ध्र दिनको पारिश्रमिक सहितको किरिया बिदा पाउनेछ।

१८. **<u>विशेष बिदाः</u>** पदाधिकारीले देहाय बमोजिम विशेष बिदा पाउन सक्नेछ र त्यस्तो बिदा आधा पारिश्रमिक सहितको हुनेछः-

(क) एक पटकमा एक महिनामा नबढाई, र

(ख) सेवाको अवधि भरमा जम्मा तीन महिनामा नबढाई ।

१९. **<u>प्रसूति बिदाः</u>** आयोगका महिला पदाधिकारीले प्रसूतिको अघिपछि गरी अन्ठानब्बे दिन पूरा पारिश्रमिक सहितको प्रसूति बिदा पाउनेछ।

२०. **<u>प्रसूति स्याहार बिदाः</u>** पदाधिकारीले पत्नी सुत्केरी हुने भएमा सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन पूरा पारिश्रमिक सहितको प्रसूति स्याहार बिदा पाउनेछ।

२१. **<u>बिदा दिने अधिकारी:</u>** (१) पदाधिकारीले आफ्नो भैपरी आउने र पर्व विदा आफै लिन सक्नेछ र सोको जानकारी कार्यालयलाई दिनुपर्नेछ ।

(२) अध्यक्षले आफ्नो सात दिनसम्मको अन्य बिदा आफैले स्वीकृत गर्न सक्नेछ र सदस्यले अन्य बिदा अध्यक्षबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) अध्यक्षले आफ्नो सात दिनभन्दा बढीको अन्य बिदा प्रदेश प्रमुखबाट स्वीकृत गराउनुपर्नेछ।

## परिच्छेद–४
## उपचार खर्च

२२. **<u>उपचार खर्चः</u>** (१) पदाधिकारीले आफू बिरामी भई उपचार गराउँदा देहाय बमोजिमको उपचार खर्च पाउनेछः–

(क) स्वदेशको अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधी खर्च,

तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसिस) गरिएको हुनु पर्नेछ ।

(ख) प्लास्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च,

तर निजी नर्सिङ होममा चिरफार गरेको खर्च भने उपलब्ध गराइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुल सेवा अवधिभर पदाधिकारीले पाउने बाह्र महिनाको पारिश्रमिक भन्दा बढी रकमको उपचार खर्च उपलब्ध गराइने छैन।

(३) नेपाल मेडिकल बोर्डले नेपालभित्र औषधि उपचार हुन नसक्ने भनी सिफारिस गरेमा विदेशमा गई उपचार गराउन चाहने पदाधिकारीलाई उपदफा (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त सेवा अवधिमा पन्ध्र लाखमा नबढ्ने गरी प्रदेश सरकारले थप आर्थिक सहायता दिन सक्नेछ।

(४) यस दफा बमोजिम पाउने उपचार खर्च लिन नपाउँदै पदाधिकारीको मृत्यु भएमा त्यस्तो उपचार खर्च दफा ३ को उपदफा (३) मा तोकिएको व्यक्तिले लिन पाउनेछ।

(५) पदाधिकारीले अवकाश प्राप्त गर्दा उपदफा (२) बमोजिम कुल सेवा अवधिभरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए पदाधिकारीले सेवा गरेको प्रतिवर्षको दुई महिनाको मासिक पारिश्रमिकको दरले हुन आउने रकम मध्ये बाँकी रकम पदाधिकारीले अवकाश प्राप्त गरेपछि लिन पाउनेछ।

(६) यस दफा बमोजिम उपचार खर्च माग गर्ने पदाधिकारीले कार्यालयमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ। बिरामी बिदा नभएमा मात्र अन्य बिदा माग गर्न पाउनेछ।

(७) यस दफा बमोजिम पदाधिकारीले पाएको उपचार खर्चको विवरण कार्यालयको अभिलेखमा राख्नुपर्नेछ।

## परिच्छेद-५
## विविध

२३. **कार्यबाहकको व्यवस्था:** (१) आयोगको अध्यक्ष बिदा बसेकोमा बिदाको अवधिभर वा अध्यक्षको पद रिक्त हुन आएको अवस्थामा त्यस्तो रिक्त पद पूर्ति नभएसम्मको लागि आयोगका वरिष्ठतम सदस्यले कार्यबाहक अध्यक्ष भई काम गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यबाहक अध्यक्ष भई काम गर्ने व्यक्तिले त्यसरी कार्यबाहक अध्यक्ष भएको अवधिभरको लागि अध्यक्षले पाए सरह पारिश्रमिक र सुविधा पाउनेछ।

२४. **उमेरको गणना:** पदाधिकारीको उमेर देहायका आधारमा गणना गर्दा जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा उमेरको गणना गरिनेछः-

(क) निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर,

(ख) निजको नागरिकताको प्रमाणपत्रमा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर।

२५. **<u>सञ्चय कोषः</u>** प्रदेश सरकारले पदाधिकारीको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चय कोष कट्टा गरी सो रकममा शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरिदिनेछ।

२६. **<u>सुविधा लागू हुनेः</u>** पदाधिकारीले यो ऐन बमोजिम पाउने सुविधा शपथ गरेको मितिदेखि पाउनेछ।

२७. **<u>अनुसूचीमा हेरफेर</u>**ः पदाधिकारीले खाइपाई आएको पारिश्रमिक तथा सुविधाको रकममा नघट्ने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

## अनुसूची

**(दफा ३, ४, ५, ६, ७, ९, १० र ११ सँग सम्बन्धित)**

**आयोगका अध्यक्ष वा सदस्यको सुविधा**

| क सं. | सुविधाको प्रकार | इकाइ दर | अध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रुपैयाँ | ६०,६८०/- | ५१,०००/- |
| २. | आवास सुविधा | मासिक रुपैयाँ | २०,०००/- | २०,०००/- |
| ३. | सञ्चार सुविधा | मासिक रुपैयाँ | ५,०००/- | ३,०००/- |
| ४. | धारा बिजुली | मासिक रुपैयाँ | १,५००/- | १,५००/- |
| ५. | लुगा भत्ता | वार्षिक रुपैयाँ | १०,०००/- | १०,०००/- |
| ६. | ईन्धन | मासिक लिटर | १२५ लि. | १०० लि. |
| ७. | मोबिल | त्रैमासिक लिटर | ५ लि. | ५ लि. |
| ८. | अतिथि सत्कार | मासिक रुपैयाँ | १०,०००।- | ५,०००।- |
| ९. | दैनिक भत्ता र भ्रमण खर्च (स्वदेश र विदेश) | प्रति दिन | नेपाल सरकारको रा.प. विशिष्ट श्रेणीको कर्मचारी सरह। | नेपाल सरकारको रा.प. प्रथम श्रेणीको कर्मचारी सरह। |

प्रदेश सभाको सम्वत् २०७७ साल असार २४ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको ब्यहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु ।

नेत्रनाथ अधिकारी
सभामुख
गण्डकी प्रदेश

मितिः २०७७।३।२८

प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

अमिक शेरचन
प्रदेश प्रमुख